# Newsletter

**Volume I (Sep 2019 to May 2020)**

## ईको हिमाल नेपाल

## ग्रामिण शिक्षा सहयोग परियोजना चरण २ (PRESP Phase II)



## परिचय

इको हिमाल नेपालले हाल काभ्रेपलान्चोक जिल्लाको मण्डनदेउपुर नगरपालिकामा ग्रामीण शिक्षा सहयोग परियोजना चरण २ कार्यान्वयन गरिरहेको छ । सुरक्षित र गुणस्तरिय सिकाईको वातावरण सृजना गरी ग्रामिण बालबालिकाहरुको औपचारिक शिक्षामा पहुचँ वृद्धि गर्ने लक्ष्यका साथ सेप्टेम्बर २०१९ देखि ३० अगष्ट, २०२२ सम्म यस परियोजना सञ्चालनमा रहनेछ । २०७२ साल वैशाखको विनाशकारी भूकम्प बाट विद्यालय भवन लगायत व्यक्तिगत र सार्वजनिक धन जनको अत्याधिक क्षति भएको काभ्रेपलाञ्चोक जिल्लाको मण्डनदेउपुर नगरपालिकाका वडा न. १ देखि ९ का २८ विदयालयहरुमा परियोजना संचालनमा छ भने वडा नं १०, ११, १२ र भूम्लु गाँउपालिका वडा नं ९ अन्तगत १९ विदयालयहरुमा फ्लोअप कार्यक्रम रहेको छ ।

यस परियोजनाको लक्ष्य ग्रामिण भेगका गरिब र पिछडिएका बालबालिकाहरुको शिक्षा र स्वास्थ्य सुधारमा योगदान पुर्याउने हो भने उद्धेश्य विद्यालयहरुमा गुणस्तरिय, बालमैत्रि र लैगिंक मैत्रि वातावरण सृजना गर्ने रहेको छ।

यस परियोजना अन्तगत रहेका विषयगत क्षेत्रहरुः

- स्वःआर्जित छात्रवृति कार्यक्रम
- यौन र सम्बन्ध शिक्षा

- किशोरावस्थाका किशोर किशोरीलाई केन्दित यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा एवम् क्षमता अभिवृद्धि कार्यक्रम
- विद्यालय जाने बालबालीकाहरूलाई पोषण प्याकेजको रुपमा दिवा खाजा सहयोग कायृक्रम
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको क्षमता अभिवृद्धि र विद्यालय शुसासन कार्यक्रम
- इ(लर्निंग सुविधाहरू र नवीन शिक्षण शिक्षा पहलहरू
- रेडियो कार्यक्रम (ईको बाल संसार)
- विद्यालय भवन पूर्न निर्माण कार्यक्रम ः
    - तपेश्वर माध्यमिक विद्यालय
    - ब्रम्हायणी माध्यमिक विद्यालय
    - डेडिथुम्का माध्यमिक विद्यालय

**क. यस परियोजनाले सेप्टेम्बर २०१९ देखि मे २०२० सम्मका गतिविधिहरुको संक्षिप्त झलकहरु:**

**१.स्वःआर्जित छात्रवृति कार्यक्रम**



आर्थिक विपन्नताको कारणबाट विचैमा विद्यालय छाड्ने र नियमित विद्यालय उपस्थित हुन नसक्ने साथै विपन्नता भएकै कारण विद्यालय आउन नसकि घरमा बसेका बालबालिकाहरुलाई लक्षित गरि आधारस्वरुप न्यूनतम आर्थिक स्रोतमा पहुच पुर्याई स्वआर्जनमा प्रोत्साहन गर्दै विद्यालय शिक्षा निरन्तरतामा सहयोग पुर्याउने उदेस्य हो् र यो एक घुम्तीकोषहो, छात्रबृती पाउने बिधार्थी ले आयआर्जन गरेपछि साँवा रकम पुःन कोषमा फिर्ता गरि अर्को बिधार्थीलाई उपलब्ध गरिने छ | यस स्वःआर्जित छात्रवृति कार्यक्रम को सोच आउँदा पुस्ता लाई सानै उमेर देखि आफैले केहि गर्नु पर्छ र उद्यमशिलताको भावना जगाउन पर्द्छ भन्ने हो।

यस कार्यक्रम मार्फत मण्डनदेउपुर नगरपालिकाका वडा नं. १ देखि ९ सम्मका ८ माध्यमिक र ३ आधारभूत विद्यालहरुमा लगभग २४० जना छात्र छात्रा लाईं छात्रवृति प्रदान गर्ने लक्ष्य रहेको छ । जसमध्ये पहिलो वर्षमा ३०, दोस्रो वर्षमा ६० र तेस्रो वर्षमा १० प्रतिशतका दरले  वितरण गर्ने योजना रहेको छ ।



७५ प्रतिशत रकम संस्था र २५ प्रतिशत रकम विद्यालयको योगदानमा रहि छात्रवृत्ति कोष विद्यालयमा स्थापना गरिनेछ । छात्रबृत्ति कोष व्यवस्थापन गर्नका लागि ११ वटा विद्यालयहरुमा छात्रवृत्ति ब्यवस्थापन समिति गठन भईसकेको छ र उक्त विद्यालयहरु संग दुई पक्षिय सम्झौता हुने क्रम जारी रहेको छ । सम्झौता सम्पन्न भए लगतै छात्रवृत्ति ब्यवस्थापन समिति द्वारा निर्मित निर्देशिकाको मापदण्ड बमोजिम विद्यार्थी छनौट प्रक्रिया हुनेछ र छनौट भएका विद्यार्थीहरुले छात्रबृत्ति कोष मा उपलब्ध रकम वितरण गरिने छ | हालसम्म निम्न ७ वटा विद्यालयहरु द्वारा छात्रवृति कोष का लागि बैंक खाता खोल्ने कार्य भईसकेको छ । ( डेडीथुम्का मा.वि., ढोडेनी, जनकल्यान मा.वि., महाकाली मा.वि., चैनपुर, ब्रह्मायणी मा.वि., द्धारपालेश्वर मा.वि., महाकाली मा.वि. नगरकोट, भद्रकाली आ.वि.)।

सबै विद्यालयहरुमा निर्देशिका तयार गर्ने प्रकिया जारी छ र केहिमा तयार भैसकेको छ साथै ३ वटा विद्यालयहरुमा सम्झौता गरिएको छ र महाकाली मा.वि. चैनपुरमा विद्यार्थी छनौट कार्य भएको र वितरण को तयारीमा छ।

छात्रवृति पाउने बिधार्थी ले उक्त रकम अभिभावक को सल्लाहमा आफुलाई शैक्षिक क्षेत्रमा सहज हुने व्यवसायमा लगानी गर्न सक्नेछन् । यस छात्रबृत्ति कार्यक्रमले बालबालिकाहरुमा ब्यवहारिक जान प्रदान गर्नुका साथै सक्रियता बढाउनेछ । यस प्रयासलाई मुर्र्तरुप दिन विद्यालयहरुको सहकार्य, नगरपालिकाको सुझाव तथा सहकार्य, अभिभावक ज्यूहरुको प्रेरणादायी साथ र सुझाव, बालबालिकाहरुको सक्रियता र छात्रबृत्ति व्यवस्थापन समितिको सहयोगले महत्वपूर्ण भुमिका खेल्ने बिस्वाश लिईएको छ ।

## २. यौन र सम्बन्ध शिक्षा



यौन र सम्बन्ध शिक्षा कार्यक्रम एक नौलो विषयको रुपमा विकसीत हुँदै आएको छ । यसको पूर्व तयारी स्वरूप सरकारी र निजी विद्यालयका पाठ्यक्रममा यौन र सम्बन्ध शिक्षा सम्बन्धि प्राबधान अध्ययन गरि तुलनात्मक विश्लेषण गरि समीक्षा गरिएको छ । समीक्षाको निचोड स्वरूप परियोजनाले आधारभूत विद्यालयहरुमा यौन र सम्बन्ध शिक्षा कार्यक्रम कार्यान्वयण गर्न फोकल शिक्षक र शिक्षिका छनौट र बालबालीकाहरूको जीवनमा यसको महत्व झल्काउने गरि प्रशिक्षण गराउने योजना रहेको छ ।

## ३. यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा एवम् क्षमता अभिवृद्धि कार्यक्रम

### ३.१ यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा तालिम

यौन तथा प्रजनन स्वास्थ्यलाई लिएर विद्यालय तथा समुदायमा हुने असहजता तथा अज्ञानतालाई हटाउनका लागि २०७५ पौष १७ देखी पौष १९ सम्म विद्यालयका शिक्षक शिक्षिकाहरुलाई “विद्यालयमा आधारित किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य शिक्षा” सम्बन्धी ३ दिने तालिम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रमको उद्‌घाटन मण्डन देउपुर नगरपालिकाका उपमेयर श्री निर्मली शाही ज्यु बाट भएको थियो । तालिममा किशोरवस्था भनेको के हो , किशोरवस्थामा हुने परिवर्तन, गर्भधारण ,गर्भपतन, सुरक्षित महिनावारी व्यवस्थापन, यौन तथा प्रजनन अधिकार, सानो उमेरमा हुने विवाह र यसका बेफाईदा, स्थानिय स्तरमा प्याडको प्रयोग, प्याडको सुरक्षित विर्सजन, यौन र यौनिकता तथा लैङ्गिकताका विषयमा छलफल गरिएको थियो ।

मण्डनदेउपुर नगरपालिकाका १८ जना शिक्षक र शिक्षिका ज्यूहरुको सक्रिय सहभागीता रहेको उक्त तालिमलाई सहजीकरण श्री अनुप अधिकारी ले गर्नुभएको थियो । तालिममा प्रयोग गरिएका विभिन्न विधिहरु जस्तै शिक्षण विधि, श्रव्यदृश्य, छलफल, कक्षागत कार्यविधि, समूहगत छलफल, प्रश्नोत्तर विधिहरु समावेश गरिएकोमा तालिम  राम्रो  र पृथक भएको सहभागीहरुको पृष्ठपोषण थियो । कार्यक्रमको मुख्य उद्‌देश्य प्रत्येक विद्यालयमा २ जना अगुवा शिक्षक-शिक्षिकाहरु छनौट गरि श्रोत व्यक्तिको रुपमा स्थापित गर्ने, विद्यालयका शिक्षक शिक्षिकाहरु मार्फत किशोर किशोरीहरुमा यौन तथा प्रजनन स्वास्थ्य सेवा, सुविधा र सुचनामा सहज पहुँच होस भन्ने रहेको छ ।

### ३.२ किशोर किशोरी यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा सम्बन्धी पुर्नःताजकी तालिम






ग्रामिण शिक्षा सहयोग परियोजना चरण १ का १९ विद्यालयका पूर्व सहभागि शिक्षक शिक्षकाहरुलाई लक्षित गरि २०७६ साल पौष २१ गतेका दिन विद्यालयमा आधारित किशोर किशोरी यौन तथा प्रजनन शिक्षा सम्बन्धी १ दिने पुर्नःतार्जकी तालिम सञ्चालन गरिएको थियो । उक्त तालिममा १७ वटा विद्यालयका २५ जना सहभागिहरुको उपस्थिति रहेका थियो । कार्यक्रमको सहजीकरण श्री अनुप अधिकारीले गर्नुभएको थियो ।

### ३.३ किशोर किशोरी लक्षित क्षमता अभिवृद्धि कार्यकम





किशोरावस्था जीवनको एक विशेष अवस्था हो र अन्य अवस्था भन्दा वढी संवेदनशील अवस्थाको रुपमा पनि हेरिन्छ यो अवस्थामा शारीरिक, सामाजिक र मनोवैज्ञानिक विकास र परिवर्तनहरु हुने गर्दछन् । किशोर-किशारीहरुको प्रजनन् स्वास्थ्य सम्वन्धी आवश्यकताहरु अन्य व्यक्तिहरुको भन्दा भिन्नै हुन्छन र हाम्रो देशमा यस अवस्था प्रतिको सकारात्मक सोचाई र बुझाईमा कमी छ | समाजमा ब्याप्त यस्ता गलत

धारणाको प्रभाव स्वरुप महिला तथा किशोरीहरुले सुरक्षा, सुलभता र स्वच्छन्दताबाट बन्चित हुनु परेको छ । सहजकर्ताको रुपमा ईको हिमालले विद्यालय सँगको सहकार्यमा किशोर र किशोरीहरुलाई यस सम्बन्धि ज्ञान दिने र सचेत बनाउन अभिमूखिकरण कार्यक्रम गर्दै आईरहेको छ । विद्यालयमा अध्ययनरत किशोर-किशोरीहरुको यौन तथा प्रजनन् स्वास्थ्य, महिनावारीको सरसफाइ तथा व्यवस्थापनलाइ सम्बद्रन गर्नको लागि उनीहरुलाई नै प्रत्यक्ष रुपमा सहभागी गराएर उनीहरुकै आवश्यकता अनुसार सहि समयमा सहि जानकारी गराउनको लागि यस्ता अभिमुखिकरण कार्यक्रमको विषेश भूमिका हुन्छ । यस कार्यक्रम अन्तगत कक्षा ७ देखि १२ कक्षासम्म अध्ययनरत किशोरकिशोरीहरु लक्षित छन् । २ जना अगुवा शिक्षकशिक्षिकाहरु छनौट गरि श्रोत व्यक्तिको रुपमा स्थापित पनि गरिएको छ ।



समसामायिक विषयवस्तु हेरी रेडियो कार्यक्रम बाट पनि उनिहरुको आवाजलाई सरोकारवाला सँग पुर्याउने प्रयास भएको छ । ३ वटा आधारभुत र ८ माध्यामिक विद्यालयहरुमा किशोरी समूहरु गठन भएका छन् जस अन्तरगत संक्षेपमा निम्न क्षेत्रहरु समावेश गरिएको छ ।

- यौन तथा प्रजनन् स्वास्थ्य अधिकारहरुका बारेमा शिक्षा प्रदान ।
- किशोरावस्था र शारिरिक तथा मानसिक परिवर्तनहरुका बारेमा ज्ञान अभिवृद्धि ।
- किशोर किशोरीहरुका यौन प्रजनन स्वास्थ्य संबन्धि समस्या र आवश्यकताहरुको बारेमा जानकारी प्रदान
- किशोर र किशोरीहरुको समस्या जस्तै महिनावारी, लैङ्गिक हिंसा र एच आई भी एड्स सम्बन्धित जस्ता बिषय बस्तुमा छलफल ।
- यौन हिंसा तथा लैगिक हिंसाका कारणले शारिरिक, सामाजिक र यौन तथा प्रजनन स्वास्थ्यमा पर्ने नकरात्मक असरहरुका बारेमा ज्ञान प्रदान ।
- प्रजनन् अंगहरुको संक्रमण र यौन संक्रमणका बारेमा जनचेतना अभिवृद्धि ।
- महिनावारी सरसफाईमा जनचेतना अभिवृद्धि ।
- धुन मिल्ने तथा पुन प्रयोग गर्न मिल्ने स्यानिटरी प्याड बारे सचेतना कार्यक्रम ।
- विद्यालयमा किशोरीहरुलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी १ दिने तालिम आदि ।

### ३.४ आमाहरुलाई स्वास्थ्य सम्बन्धी १ दिने अभिमुखीकरण तालिम

आमाहरुमा स्वास्थ्य सम्बन्धी ज्ञान प्रयाप्त मात्रमा भएमा उनिहरुले आफ्ना सन्तानको स्वास्थ्य स्तरमा निकै सुधार ल्याउन सक्नुहुन्छ  भन्ने उद्देश्य लिएर समुदाय स्तरमा आमाहरुका लागि स्वास्थ्य सम्बन्धी १ दिने अभिमुखीकरण तालिम सञ्चालन गरीएको थियो । तालिममा ढोडेनी ८ क्षेत्रका युवा आमाहरुको एकदमै राम्रो सहभागिता रहेको थियो । उक्त तालिममा विभिन्न विषयमा छलफल तथा कक्षा शिक्षण गरीएको थियो जस्तै

- बाल विवाह र त्यसका असरहरु
- महिनावारी ÷महिनावारी चक्र
- सुरक्षित यौन व्यबहार
- परिवार नियोजनका साधनहरु
- सुरक्षित मातृत्व
- एच आई भी÷एड्स
- कोरोना भाईरस ,यसका लक्षणहरु ,यसबाट बच्ने उपायहरु
- हात धुने विधि

### ३.५ आराम कक्ष निर्माण

कुनै पनि किशोरीहरु महिनावारी भएकै कारण कक्षा छोडेर घर  जानुपर्ने बाध्यता र विद्यालयमा निरन्तर उपस्थिति हुन नसक्ने अवस्थालाई मध्यनजर गर्दै ११ वटा विद्यालयहरुमा आराम कक्ष ब्यबस्थान कार्य सुरु भएको छ । किशोरीहरुले आफुलाई अपठ्यारो महसुस भएमा, कपडा परिवर्तन गर्नु परेमा वा आराम गर्नु परेमा आराम कक्ष उपयोग गर्दछन् यस लाई अध्यन र सिकाई समेत को कक्ष बनाइने छ र सबै विद्यालयहरु मा आराम कक्षलाई आवश्यक सरसामान जस्तै बिस्तारा, दराज, कुर्शी, टेबल, फिल्टर, हात धुने ब्यबस्था लगायत अन्य आवश्यक सामाग्रीहरु खरिद गरि कार्यक्षेत्र सम्म ढुवानी गरिएको छ| बन्दबंदी का कारण बितरण गर्न बाकी छ।



## ४. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको क्षमता अभिवृद्धि र विद्यालय शुसासन कार्यक्रम

### ४.१ क्षमता अभिवृद्धि तालिम संचालन

मण्डनदेउपुर नगरपालिकाको समन्वयमा कार्यक्षेत्रका वार्ड न १ देखि ९ अवस्थित २८ वटा विद्यालयका विद्यालय व्यवस्थापन समिति, सदस्य र शिक्षक प्रतिनिधिहरुलाई विद्यालय सुशासन, गुणस्तरीय शिक्षा, बाल मैत्री विद्यालय र बाल अधिकार सम्बन्धी क्षमता अभिवृद्दि ३ दिने तालिम संचालन गरिएको थियो । त्यसै गरि शिक्षक अभिभावक संघका पदाधिकारीहरु लाई विद्यालय सुधार योजना, सामाजिक परिक्षण आदि मा





क्षमता अभिवृद्दि गर्न १ दिने तालिम सन्चालन गरिएको थियो । सबै सहभागीहरुलाई समेट्न तालिम ३ चरणमा विभाजन गरी सञ्चालन गरीएको थियो । तालिमको सहजीकरण प्रशिक्षक श्री सत्य नारायण महर्जनले गर्नु भएको थियो । विद्यालय व्यवस्थापन समितिका ६४ र शिक्षक अभिभावक संघ का ६२ जना पदाधिकारीहरुको उपस्थिति रहेको थियो् जसमध्ये जम्मा ४६ जना महिला र ८२ जना पुरुष रहनु भएको थियो |

### ४.२ क्षमता अभिवृद्धि पुर्नःतार्जकी तालिम संचालन




यस परियोजनाको चरण १ का वार्ड १०, ११, र १२ विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक संघका पदाधिकारीहरुलाई विद्यालय सुशासन, गुणस्तरीय शिक्षा बाल मैत्री विद्यालय, विद्यालय सुधार योजना, सामाजिक परिक्षण र बाल अधिकार

सम्बन्धी १ दिने पुर्नताजकी तालिम  संचालन गरिएको थियो । सबै सहभागीहरुलाई  समेट्न तालिमलाई २ चरणमा विभाजन गरीएको थियो । विद्यालय व्यवस्थापन समिति तर्फ पहिलो चरणमा ८ वटा विद्यालय बाट १९ जनाको रे दोस्रो चरणमा ११ वटा विद्यालय बाट २४ जनाको सहभागिता थियो् र त्यस्तै  शिक्षक अभिभावक संघका पदाधिकारीहरु तर्फको तालिमको पहिलो चरणमा ९ वटा विद्यालय बाट १८ जनाको र दास्रो चरणमा ९ विद्यालय बाट २३ जनाको  सहभागिता रहेको थियो । उक्त तालिम संगै परियोजना चरण



१ मा भएका क्रियाकलापहरुको बारेमा छलफल गर्नु साथै  आयोजनाको उपलब्धीहरु तथा अनुभव आदान, प्रदान गरियको थियो |

### ४.३ बाल कक्षामा अध्ययनरत बालबालिकाहरुलाई खेलकुद सामग्री वितरण

आधारभूत सर्वेक्षणको आधारमा महाकालेश्वर र नवचेतना बाल विकासलाई खेलकुद सामग्री वितरण गर्ने कार्यक्रम रहेको छ । सामाग्रीहरु खरिद तथा ढूवानी कार्यक्षेत्र सम्म भईसकेको छ । बाल विकासको सामग्री विद्यालयलाई हस्तान्तरण गर्न बन्दाबन्दि का कारण सकिएको छैन।



### ४.४ हिज्जे प्रतियोगिता

बालबालिकाहरुको क्षमता र मनोबल अभिवृदी गराउने र स्मरण शक्ति बढाउने उद्धेश्यले श्री उमा विद्या मन्दिर आधारभुत विद्यालय को सहकार्यमा विद्यालयका विद्यार्थीहरु बीच हिज्जे प्रतियोगिता सञ्चालन गरीएको थियो । प्रतियोगितामा विद्यालय का १ देखी ५ कक्षा सम्मका विद्यार्थीहरुको सहभागिता रहेको थियो । प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो हुने विद्यार्थीहरुलाई ईको हिमाल नेपालले प्रोत्साहन स्वरुप पुरस्कार वितरण गरेको थियो ।

### ४.५ हाजिरी जबाफ प्रतियोगिता

बाल सहभागिता बाल अधिकारको मुख्य प्राथामिकता भएको र समसामयिक विषय तथा ऐतिहासीक विषयमा जानकारी गराउने उद्धेश्यले मण्डनदेउपुर नगरपालिका वडा न.७ स्थित श्री भवानी आधारभुत विद्यालयमा हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गरिएको थियो । विद्यालयका १२ जना विद्यार्थीहरुहरुको सहभागिता रहेको उक्त हाजिरी जबाफ प्रतियोगिता ४ समुहमा विभाजन गरीएको थियो । प्रतियोगितामा प्रथम ,दोस्रो र तेस्रो हुने विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप पुरस्कार वितरण गरेको थियो ।

### ५. रेडियो कार्यक्रम (ईको बाल संसार)

रेडियो नमोबुद्ध एफएम १०६.७ मेगाहर्ज काभ्रेपलाञ्चोकले ईको हिमाल नेपाल संगको सहकार्यमा उत्पादन तथा प्रसारण गर्दै आएको रेडियो कार्यक्रम ईको बाल संसार बिगत ३ बर्ष देखि प्रसारण हँदैं आएको छ । रेडियो कार्यक्रममा समसामायीक विषय बस्तु, परियोजना अन्तरगत भएका क्रियाकलापहरु, स्थानीयले दिएको चासो र उनीहरुलाई भएका सजिलोपन र फाईदा, विभिन्न राष्ट्रिय र अन्त राष्ट्रिय दिवस केन्द्रीत कार्यक्रमहरुमा निमार्ण हुने गर्दछ । इको हिमाल नेपालले परियोजनामा भइरहेका गतिविधिको बारेमा, कार्यक्रमको उपलब्धी, उद्धेश्य र आगामी योजनाहरुका बारेमा रेडियो मार्फत  जानकारी दिदै आएको  छ । परियोजनामा भएका क्रियाकलाप मात्र नभएर मण्डनदेउपुर नगरपालिकामा भएका सम्पुर्ण विद्यालय का



विद्यार्थीहरुको प्रतिभालाई पनि प्रसारण गर्ने गरेको छ । रेडियो कर्मीहरु कार्यक्षेत्रमा स्वयम उपस्थित भई समुदाय, शिक्षक, शिक्षीका र बालबालिकाहरु सँग प्रत्यक्ष्य कुराकानि गर्ने गरेको छ, यस प्रयासले विद्यार्थीहरुले आफुमा भएको विभिन्न प्रतिभालाई खुलेर

प्रस्तुत गर्ने, विद्‍यार्थीलाई घुलमिल हुने अवसर र लुकिरहेको आवाजलाई स्रोता माझ पुर्याईरहेको छ । साथै विद्‍यार्थीहरुले अफनो प्रतिभा देखाउने मौका पाएका छन् जसका कारण विद्‍यार्थीहरुमा नयाँ सिजर्नात्मक क्रियाकलाप गर्ने, जमातमा समूहमा बोल्न् सक्ने ,विद्‍यालयमा हुने हरेक क्रियाकलाप र गुणस्तर शिक्षाकालागि हुने निर्णयमा आफ्नो सहभागिता गराइनु पर्छ भन्ने कुरामा जोड दिने जस्ता धैरै सकारात्मक परिवर्तनहरु देखा परेका छन् । अहिलेका रेडियो कार्यक्रमहरु कोरोना भाईरस अर्थात कोभीड १९ मा केन्द्रीत रहेर उत्पादन भईरहेको छ ।



## ६. विद्‍यालय भवन पूर्णनिर्माण कार्यक्रम

वि.स. २०७२ बैशाखको महाभूकम्पले मण्डनदेउपुर नगरपालिका अवस्थित विद्‍यालयहरु पूर्ण रुपमा ध्वस्त बनाएको थियो । विद्‍यालय मा विद्‍यार्थीहरुको पठनपाठनअवस्था नाजुक थियो भौतिक पुर्बाधार का कारण । प्रयाप्त भवन नभएकाले यस समयमा पनि खुल्ला चौर वा जिर्ण भवनमा कक्षा सञ्चालन गर्नुपर्ने दयनिय अवस्था छ । ईको हिमालले आफनो कार्यक्षेत्र स्थिति रहेको ३ वटा विद्‍यालयहरु वडा नम्बर ९ स्थित डेडिथुम्का माध्यमिक विद्‍यालय , वडा नम्बर ६ स्थित ब्रम्मायणी माध्यमिक विद्‍यालय र वडा नम्बर ५





स्थित तपेश्वर माध्यमिक विद्‍यालय निर्माण योजना रहेको छ ।

भवन निर्माण कार्य अन्तर्गत माटो जाँचको कार्य पनि सकिएको र नेपाल सरकारको भवन निर्माणको मापदण्ड कायम राखी योजना अगाडि बढाउन सकिने अनुमति प्राप्त गरिएको छ । भवन निर्माणमा मण्डनदेउपुर नगर पालिका बाट १०% र इको हिमाल नेपाल ९०% आर्थिक श्रोत  को सहकार्य गर्ने गरि त्रिपक्षिय सम्झौता सम्पन्न भएको छ  मिति २०७६/११/११ गते तद अनुसार २३ फेबुरअरी २०२० का दिन मण्डनदेउपुर नगरपालिकाको कार्यालयमा नगर प्रमुख श्री टोक बहादुर वाइवा ज्यूको अध्यक्षतामा बसेको बैठकमा , नगर उप-प्रमुख श्री निर्मला शाहि, वडा न ९, ५, ६ का वडाध्यक्षज्यूहरु, विद्यालय व्यवस्थापन समितिका

अधक्ष्यज्युहरु  र बिध्यलायाका प्रधानाध्यापकज्युहरुको उपस्थिति रहेको थियो ।  भवन निर्माण कार्यको



लागि चैत्र ५ गते बोलपत्र आहवान गरिएको थियो । कोरोना भाईरस अर्थात कोभीड १९ का कारण भएको बन्दाबन्दि ले हाल निर्माण कार्य अबरुद्ध भएको छ र सहज परिस्थिति हुनासाथ निर्माण कार्य सुचारु हुनेछ ।

**७ ग्रामिण शिक्षा सहयोग परियोजना (दोस्रो चरण) सुरुवात शेयरीङ गोष्ठी**

ग्रामिण शिक्षा सहयोग परियोजना (दोस्रो चरण) को कार्यक्रम सञ्चालन गर्नका लागि मण्डनदेउपुर नगरपालिकाका उपमेयर, स्वास्थ्य शाखा प्रमुख, शिक्षा शाखा प्रमूख, वडा अद्क्षहरु, सबै विद्यालय का प्रधानाध्यापक, विद्यालय ब्यबस्थापन समितिका अध्यक्ष र शिक्षक अभिभावक संघका अध्यक्ष र प्रतिनिधि ज्यूहरुको उपस्थितिमा मिति २०७५ साल पौष महिनाको १८ गते परिचयात्मक गोष्ठी संचालन गरेको थियो । उक्त कार्यक्रममा कार्यकारी प्रमूख श्री नारायण ढकाल ले संस्थाको परिचय, भिजन, मिसन, उदेश्य र लक्ष्य, दातृसंस्थाको परिचय, परियोजनाको अवधि, लक्षित क्षेत्र र वर्ग आदिको  प्रस्तुती साथै ग्रामिण शिक्षा सहयोग

परियोजना (पहिलो चरण) को अनुभव आदान प्रदान  गर्नु भएको थियो । कुँन्तावेसीमा संचालन भएको कार्यक्रममा ६७ जना महानुभावहरु को सहभागिता रहेको थियो ।

**<u>आधारभुत सर्वेक्षण</u>**

ग्रामिण शिक्षा सहयोग परियोजना सञ्चालनपूर्व मण्डनदेउपुर नगरपालिकाका वडा नं १ देखि ९ सम्मका २८ विद्यालयहरुमा शैक्षिक स्थिती र भौतिक व्यवस्थापन बारे आधारभुत सर्वेक्षण सम्पन्न गरीएको थियो।

**<u>मण्डनदेउपुर नगरपालिकामा फिल्ड कार्यालय स्थापना</u>**

परियोजना सञ्चालनमा सहज र परियोजना क्षेत्रका विद्यालय र समुदायका सबै सम्बन्धीत निकायहरुलाई समन्वय गर्न सहज  हुनेगरी मण्डनदेउपुर नगरपालिका वडा नं ९ कुन्ताबेशीमा फिल्ड अफिस स्थापना गरीएको छ ।

**<u>वाली सिवीर संचालन</u>**



मण्डनदेउपुर नगरपालिकाको सहकार्यमा मण्डनदेउपुर कृषि वन श्रोत केन्द द्वारा वडा न ७, कुन्तावेसीमा २०७६ पौष ०४ गते निशुल्क वाली सिविर संचालन गरिएको थियो । उक्त शिविरमा किसान बाट रोग तथा किरा लागेको बालिको नमूना संकलन गरी परिक्षण भएको र त्यसको उपचार विधि कृषकहरूलाई जानकारी गराइएको थियो । मण्डनदेउपुर नगरपालिका बाट ४८ वटा बालीहरुको परिक्षण गरिएको थियो भने कार्यक्रममा बिज्ञ तथा प्राविधिकहरू डा.हिराकाजी मानन्धर PhD प्लान्टप्याथोलोजी, PhD राम देवी तिमिला, प्लान्टप्याथोलोजी तरकारी रोग बिज्ञ, अजय श्री रत्न बज्राचार्य इन्टोमोलोजिस्ट  र शम्भु प्रसाद धिताल PhD हर्टीक्लचर् आलु बिज्ञ को उपस्थिति रहेको थियो ।

तरकारीमा विशेष गरि Downy mildew, Alternaria leaf spot थोप्ले रोग, Late blight डडुवा रोग, Tomato leaf curl virus पात बटारिने रोग जस्ता समस्याहरु रहेको पाईयो । त्यस्तै गरि फलफूलमा Powdery mildew खराने रोग, Sooty mold, Die back टुप्पो मर्ने रोग देखा परेको थियो ।

**परियोजनाको आगामि कार्यक्रमहरु**

१. ३ विद्यालय भवनहरु निर्माण कार्य निरन्तरता दिने तथा सम्पन्न गर्ने

२. विद्यालय को सहकार्यमा किशोर किशोरी क्षमता अभिवृद्धि गर्न तालिम, प्रतियोगिताहरु सञ्चालन गर्ने

३. विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक संघहरुलाई क्षमता अभिवृद्धि कार्यक्रमको फलोअप तालिमे संचालन गर्ने

४. स्वआर्जित छात्रावृत्ति कार्यक्रम प्रबर्धन: बिद्यालय, छात्रवृत्ति व्यवस्थापन समितिहरु, संग को सहकार्य मा बाल बालिका छनौट गरि छात्रावृत्ति वितरण गर्ने

५. किशोरी समुह र बाल क्लब मार्फत सिर्जनात्मक अभ्यास गर्ने गराउने

६. समुदाय र परियोजनाका लक्षित वर्गहरुलाई समेट्दै रेडियो कार्यक्रम ईको बाल संसार ले उत्साहजनक कार्यक्रम सम्पादनमा प्रयास जारी राखने

७. आवस्यकता का आधार मा बालबालिका हरु लाई मनोसामाजिक परामर्श को ब्यबस्ता मिलाउने

८.बिभिन्न विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप अन्तर्गत बिभिन्न कार्यक्रमहरु सन्चालन गर्ने गराउने |

## नोभल कोरोना ( covid 19 ) भाइरस विशेष गतिविधिहरु

**जनचेतना मुलक कार्यक्रम**



सन २०१९ डिसेम्बर अन्तिम हप्ताबाट चिनको उहान प्रान्तमा पत्ता लागेको विनाशकारी नोवल कोरोना भाइरस को कारणले लाखौं मान्छेको ज्यान गुमेकोले विश्व स्वास्थ्य संगठनले मार्च ११, २०२० मा द्रुत गतिमा फैलिने कोरोना भाइरसको महामारीको घोषणा गरेको थियो र यहि विषय वस्तु समेटेर मण्डनदेउपुर नगरपालिकासंगको सहकार्यमा गत मिति २०७६ चैत्र ०८ गते मण्डनदेउपुर नगरपालिका अन्तगत वडा नं

१,६,८,९,१०,११ र १२ मा  माइकिङ्ग कार्यक्रम गरि सचेतना जगाउने कार्यक्रम संचालन गरिएको थियो । त्यस संग संगै विभिन्न ठाँउमा कोरोना भाइरस सम्बन्धी सूचना प्रदान गर्ने ,फ्लेक्स बोर्ड राखने र पर्चा वितरण गरिएको थियो | जसमा कोरोना भाईरसका लक्षण कोरोना भाईरस कसरी सर्दछ , कोरोना भाईरस कसरी फैलिन्छ भन्ने बारेमा जानकारी र त्यसका सक्रमणको जोखिमबाट आफु



र आफ्ना परीवारलाई जोगाउने भन्ने बारेमा उपायहरु रहेको थियो । उक्त कार्यक्रमको मुख्य उद्धेश्य यस विनाशकारी भाईरसबाट जनसमुदायलाई बचाउन र यस सम्बन्धी  चेतना प्रदान गर्नु रहेको थियो ।

### ४.२ कोरोना भाईरस सम्बन्धि स्थानिय संग अंतकिर्या

१०६.७ मेगाहर्ज रेडियो नमोबुद्ध धुलिखेल ले अहिले विश्वभर फैलिरहेको कोरोना भाइरस COVID-19 को बारेमा स्थानिय जन समुदायमा के कति जानकारी छ र कोरोना भाइरस बाट आफु र आफ्नो परिवारलाई बचाउन के कस्तो उपाय अपनाईएको छ भन्ने विषयमा स्थानिय संग अंतकिर्र्या  गरिएको थियो । अन्तरवार्तामा ५ जना ब्यक्तिहरुको सहभागिता रहेको थियो । अन्तरवार्ता बाट समग्रमा स्थानियमा कोरोना भाईरस बारे ज्ञान र सचेत भएको, हात कसरी धुने, स्यानिटाइजरको प्रयोग, मास्कको बारेका पनि जानकारी भएको पाइएको थियो ।

### ४.३ सरसफाई सामाग्री हस्तान्तरण कार्यक्रम






सरसफाई बाट नै धेरैजसो कोभीड १९ को संक्रमण रोकथाम हुने भएकाले  वडा नं ८ का वडा अध्यक्ष श्री झलक प्रसाद  पौडेल ज्युको अनुरोधमा मण्डनदेउपुर वार्ड ८ लाई सरसफाई सामाग्री अन्त्तगत ९ वटा पानी राख्ने बाल्टी ,९ वटा जग र २० वटा हात धुने साबुन वडा कार्यालयमा वितरण गरिएको थियो । उक्त सामाग्री कोरोना भाईरस को महामारीलाई मध्यनजर गर्दै वडाका स्थानीयहरूमा साबुन पानीले हात धुन

पर्ने जनचेतना फैलाउन विभिन्न ठाउँमा राखी उनीहरुलाई महामारीको चपेटा बाट आफु र परिवारलाई समेत बचाउने उद्‌देश्यका सा थ वितरण गरिएको थियो ।

त्यस्तै विभिन्न अत्यबस्यकिया स्थान मा हात धुने ब्यबस्ता गर्न ३०० टूटी र स्टेन्ड सहित को बाल्टिन र १५८४ ओटा साबुन नगरपालीका कार्यालय मार्फत वितरण गरिएको छ। भुम्लु गाँउपालिकामा सरसफाई सामाग्री अन्तगत २० वटा वाल्टिन र ४० वटा साबुन गाँउपालिका कार्यालय मार्फत वितरण गरिएको थियो । थप राहत कार्यक्रम का लागि प्रस्थाबना लेखि दात्री सस्थाहरु संग पहल गरिएको र संझौताको क्रममा रहेको छ ।

**सहयोगी संस्था**

**किन्डरमिसनसरेक, जर्मनी**

**ईको हिमाल नेपाल**

**महाराजगंज, काठमाडौँ**